# गर्भ परिक्षण विधि (USG)

## परिचय

बंगुर माउ तथा भुनीमा कृत्रिम वा प्राकृतिक गर्भधान पश्चात गर्भ रहेको वा नरहेको यकिन गर्न भरपर्दो विधि अल्ट्रासोनोग्राफी-यु.एस.जी (Ultrasonography-USG) हो | यो विधि बोलि चालिमा भिडिओ एक्सरेको नामले प्रख्यात छ | यस विधि बाट बंगुरलाई गर्भाधान गरेको २४-देखि ३५ दिन भित्र परिक्षण गर्दा गर्भ परिक्षण परिणाम विश्लेषण सहि, उपयुक्त र प्रभावकारी हुन्छ | बंगुरमा सहज गर्भ परिक्षणको लागि low to medium frequency (३ to ५MHz) transabdominal probe को मद्दतले real-time अल्ट्रासाउण्ड उपकरणको प्रयोग अति सन्तोषजनक, प्रभावकारी र सहज हुन्छ | यस उपकरणको प्रयोग बाट गर्भाशयमा रहेको तत्वहरु जस्तै amniotic fluid, amniotic membrane, बिकास हुँदै गरेको भ्रुण तथा बच्चाहरुको तस्विर अल्ट्रासाउण्ड उपकरणको मनिटरको डिस्प्ले/स्क्रिनमा प्रतिविम्ब हुन्छ र गर्भ परिक्षणमा सहयोग गर्छ | यस विधिको प्रयोग र सेवा तालिम प्राप्त वा योग्य प्राबिधिक बाट लिन सकिन्छ |

## गर्भ परिक्षणको लागि अल्ट्रासाउण्ड उपकरण प्रयोग गर्ने तरिका

**परिक्षणका लागि समय/अबधि छनौट गर्ने :**

Real-time अल्ट्रासाउण्ड उपकरणको प्रयोग गर्दा गर्भाधान पश्चात २४ देखि ३५ दिन अवधिमा रहेका माउ तथा भुनीहरु परिक्षणको लागि उपयुक्त हुन्छ |

**परिक्षणमा उपयुक्त रहेका माउ तथा भुनिको तयारीः**

सो माउ तथा भुनी हरुलाई परिक्षण क्रेट वा गर्भिणी खोरमा उभ्याउने वा देब्रे पट्टि सुताउने र परिक्षण बेला हलचल हुन नदिने | माउ तथा भुनिको दाहिने flank area मा लुब्रिकेंट वा जेल प्रयोग गर्ने |

**उपकरण तथा Probe को तयारीः**

उपकरणको ब्याट्री चार्ज सन्तोषजनक अवस्थामा राख्ने र उपकरणमा लागेको धुलो तथा अन्य फोहर मैला सफा गर्ने | Probe लाई उपकरण संग सहि तबरले जोड्ने र Probe मा लुब्रिकेंट वा जेलको प्रयोग गर्ने |उपकरणको पावर बटन चालु अवस्थामा ल्याउने |

**Probe लाई प्रयोग गर्नेः**

साधारणतय transabdominal Probe लाई शरीरको दाहिने पट्टि तल्लो पेटको अन्तिम दुई थुनको बिचमा वा flank area मा पर्ने गरी र टाउको दिशामा बिपरित बाँया काँधमा ताक्ने गरि प्रयोगमा ल्याउने | त्यसपछि Probe लाई सो क्षेत्रमा वरिपरी सार्दै गर्भाशयको तस्विर मोनिटरमा आउने गरि घुमाउने |

## मोनिटर स्क्रिनमा देखिएको तस्बिर अनुसार गर्भ परिक्षण परिणाम विश्लेषण गर्नेः

२४ देखि ३५ दिन भित्रका गर्भिणी गर्भाशय भित्र स्पष्ट कालो पूर्ण वा अपूर्ण गोलो आकारको एक भन्दा बढी धब्बाहरु देखिएमा माउ तथा भुनी गर्भ रहेको (Pregnant) मानिन्छ | पछिल्लो चरणमा रहेका गर्भिणी माउ तथा भुनी हरुमा कालो गोलो स्पष्ट धब्बाहरु देखिदैन तर सो अवस्थाका गर्भिणीहरुको गर्भाशयमा विकास हुँदै गरेको बच्चाको मेरुदण्ड हड्डी वा ribs स्पष्ट देखिन्छ | गर्भ नरहेको (Non-pregnant) हकमा माथि उल्लेखित तस्बिरहरु मनिटर स्क्रिनमा देखिदैन |

कहिलेकाँही Probe गलत दिशामा राखिएमा मुत्र थैलीको तस्बिर मनिटरमा कालो धब्बाको रुपमा प्रतिबिम्ब हुनसक्छ र गर्भ भएको विश्लेषण हुनसक्छ त्यसैले Probe सहि दिशामा राखिएको हुनुपर्छ |

प्रबिधिको पहुँच र विस्तारका उपायहरुः बंगुर फर्महरुमा यो प्रविधि सहज रुपमा प्रयोगमा ल्याउनलाई निम्न बुँदाहरुमा ध्यानदिनु पर्ने हुन्छ,

१. पशु प्राबिधिकहरुलाई अल्ट्रासाउण्ड उपकरण प्रयोग बिधि बारे तालिम प्रदान गरी दक्ष जनशक्ति तयार गरिनुपर्ने
२. नगर/गाउँ पालिकहरुको पशु सेवा शाखा द्वारा वा पशु सेवा प्रदान गर्ने जुनसुकै निकायहरुले सेवा उपलब्ध हुने व्यवस्था मिलाउनु पर्ने हुन्छ
३. प्राबिधिकहरुले फिल्डमा सहज रुपमा प्रयोग गर्न हल्का तौल भएको (Portable) अल्ट्रासाउण्ड उपकरणको प्रयोग गर्नुपर्छ
४. शुरुवाती दिनहरुमा प्रविधिको उपयोगिता, उपलब्धता, फाइदा र सेवा प्रदान बारे सरोकारवालाहरु, पशु सेवा प्रदायक संस्था र निजि फर्महरुमा अभिमुखीकरण वा प्रचार प्रसार हुनुपर्छ

राष्ट्रिय बंगुर अनुसन्धान कार्यक्रम, पाखीबास, धनकुटाको बंगुर अनुसन्धान फर्ममा अल्ट्रा सोनोग्राफी बिधिबाट बंगुरमा गर्भ परिक्षण हुँदा लिईएका केहि अल्ट्रासोनोग्राफिक तस्बिरहरु


चित्र नं. १


चित्र नं. २

गर्भधान गरिएको ४० दिन भित्रका गर्भिणी माउ बंगुर चित्र १ र २ मा देखाइएको छ |


चित्र नं. ३


चित्र नं. ४

गर्भधान गरिएको ४० दिन पछिका गर्भिणी माउ बंगुर चित्र ३ र ४ मा देखाइएको छ |


सम्पर्कः
राष्ट्रिय बंगुर अनुसन्धान कार्यक्रम
पाखीबास, धनकुटा
०२६-५९०५१५
nsrpnarc@gmail.com